मुख्यमन्त्री

माननीय मुख्यमन्त्रीको निजी सचिवालय
गण्डकी प्रदेश सरकार
पोखरा, नेपाल

गण्डकी प्रदेश
पोखरा, नेपाल

# शुभकामना !

स्वदेश तथा विदेशमा रहनुभएका दाजुभाइ तथा दिदीबहिनीमा फागु पूर्णिमा अर्थात् होली पर्व २०७८ का अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । साथै सम्पूर्णमा सुख, शान्ति, सुस्वास्थ्य समृद्धिका लागि कामना गर्दछु ।

धार्मिक, सांस्कृतिक एवं सामाजिक महत्व बोकेको फागुन शुक्ल पूर्णिका दिनमा पर्ने सद्भावपूर्ण पर्व होलीलाई हिमालदेखि तराईसम्मका बासिन्दा आआफ्नै तरिकाले मनाउँदै आएका छन् ।

फागु पूर्णिमा अर्थात् होली रङहरुको पर्व हो । आफन्त एवं साथीभाइ जम्मा भएर गीत/संगीत एवं खानपानका साथ मनाइने यस पर्वले समग्र नेपाली समुदायको मौलिक परम्परा र सांस्कृतिक महत्वको पक्षलाई उजागर गर्दै आएको छ ।

नेपालको संविधान २०७२ को महत्वपूर्ण उपलब्धि लोकतान्त्रिक गणतन्त्र, संघीयता अनि धर्मनिरपेक्षता हो । बहुधार्मिक, बहुभाषिक, बहुजातीय र बहुसाँस्कृतिक विविधतायुक्त हाम्रो मुलुकको सबैभन्दा सुन्दर पक्ष नै सर्वस्वीकार्यता र सहअस्तित्व हो । यस्ता पर्वहरुले सामाजिक सद्भाव, धार्मिक सहिष्णुता र राष्ट्रिय एकताको डोरीलाई थप मजबुत बनाउने विश्वास मैले लिएको छु ।

यस पर्वले सबै नेपालीबीच आपसी प्रेम, वन्धुत्व र एकताको भावना बढाएर शान्त अनि समृद्ध नेपाल निर्माण गर्न सबैमा प्रेरणा प्रदान गर्नेछ भन्ने कामना गर्दछु ।

मिति : २०७८ चैत ३

कृष्णचन्द्र नेपाली पोखरेल